बैठक नं.१६

आज मिति २०८२/०३/०९ गतेका दिन पूर्व सूचना बमोजिम बुटवल उपमहानगरपालिकाका प्रमुख एवं नगरसभाका अध्यक्ष श्री खेलराज पाण्डेयज्यूको अध्यक्षता र देहायका नगरसभाका सदस्यहरुको उपस्थितिमा नगरसभाको १७ औं अधिवेशनको तेस्रो बैठक बसियो ।

समयः दिनको १:०० बजे ।

स्थान : बुटवल उपमहानगरपालिका सभाहल ।

**उपस्थितिः**

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | खेलराज पाण्डेय | प्रमुख/अध्यक्ष | |
| २ | सावित्रादेवी अर्याल | उपप्रमुख/उपाध्यक्ष | |
| ३ | नरेन्द्र बस्नेत | सदस्य | |
| ४ | शुनिल शाक्य | सदस्य | |
| ५ | बिष्णु ढकाल | सदस्य | |
| ६ | नरिश्वर शर्मा | सदस्य | |
| ७ | हरिप्रसाद श्रेष्ठ | सदस्य | |
| ८ | लोकनाथ न्यौपाने | सदस्य | |
| ९ | पदमराज गाहा | सदस्य | |
| १० | यज्ञ प्रसाद पंगेनी | सदस्य | |
| ११ | प्रदिप कुमार श्रेष्ठ | सदस्य | |
| १२ | बल बहादुर पुन | सदस्य | |
| १३ | रामचन्द्र क्षेत्री | सदस्य | |
| १४ | डिल्ली प्रसाद शर्मा उपाध्याय | सदस्य | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
| --- | --- | --- | --- |
| १५ | नारायण प्रसाद पुन | सदस्य | |
| १६ | दधिराम न्यौपाने | सदस्य | |
| १७ | शिव राना | सदस्य | |
| १८ | कृष्ण प्रसाद पौडेल | सदस्य | |
| १९ | ज्ञान बहादुर रेश्मी | सदस्य | |
| २० | गुरु प्रसाद पंगेनी | सदस्य | |
| २१ | चन्द्र सिंह थापा मगर | सदस्य | |
| २२ | निलम गौतम | सदस्य | |
| २३ | कृष्ण बहादुर सुनार | सदस्य | |
| २४ | बसन्ती वि.क. | सदस्य | |
| २५ | रिना भुसाल | सदस्य | — |
| २६ | सुनिता खड्लुक | सदस्य | |
| २७ | राधादेवी पौडेल | सदस्य | |
| २८ | यम बहादुर सुनार | सदस्य | |
| २९ | हेमा थामी | सदस्य | |
| ३० | प्रेमशिला धोवी | सदस्य | |
| ३१ | अदिल अहमद | सदस्य | |
| ३२ | आईप्रसाद राई | सदस्य | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| ३३ | गंगा घिमिरे | सदस्य | |
| ३४ | कुमारीदेवी दर्नाल | सदस्य | |
| ३५ | सुमित गुरुङ्ग | सदस्य | |
| ३६ | गौतमलाल शाक्य | सदस्य | |
| ३७ | पवित्रादेवी श्रेष्ठ | सदस्य | |
| ३८ | रतिमाला वि.क. | सदस्य | |
| ३९ | अमृत खड्का | सदस्य | |
| ४० | हरिनारायण मिश्र | सदस्य | |
| ४१ | पुनम थापा | सदस्य | |
| ४२ | गोमा नेपाली | सदस्य | |
| ४३ | अरुणकुमार श्रेष्ठ | सदस्य | |
| ४४ | गफुर मियाँ | सदस्य | |
| ४५ | यमुना श्रेष्ठ | सदस्य | |
| ४६ | विन्दु वि.क. | सदस्य | |
| ४७ | अनिल गहतराज | सदस्य | |
| ४८ | श्याम बहादुर थापा | सदस्य | |
| ४९ | पम्फाकुमारी थापा | सदस्य | |
| ५० | तारा गहतराज | सदस्य | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| ५१ | चिने श्रेष्ठ | सदस्य | |
| ५२ | प्रशान्त पाण्डे | सदस्य | |
| ५३ | तुल्सी विश्वकर्मा | सदस्य | |
| ५४ | सन्दिप खनाल | सदस्य | |
| ५५ | वीर बहादुर तामाङ्ग | सदस्य | |
| ५६ | सीता खनाल | सदस्य | |
| ५७ | सविता वि.क. | सदस्य | |
| ५८ | हरिहर ज्ञवाली | सदस्य | |
| ५९ | तुल बहादुर थापा | सदस्य | |
| ६० | इन्दिरा ज्ञवाली | सदस्य | |
| ६१ | माया परियार | सदस्य | |
| ६२ | सूर्य बहादुर कार्की | सदस्य | |
| ६३ | विवेश पुरी | सदस्य | |
| ६४ | यमुना काउचा | सदस्य | |
| ६५ | सनीसरा सार्की | सदस्य | |
| ६६ | रमेश प्रसाद अधिकारी | सदस्य | |
| ६७ | मिन बहादुर सारु मगर | सदस्य | |
| ६८ | मायाँ देवी दर्नाल | सदस्य | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| ६९ | नकुल शाही ठकुरी | सदस्य | |
| ७० | युवराज राना | सदस्य | |
| ७१ | गंगा कुमारी वि.क. | सदस्य | |
| ७२ | गंगादत्त पौडेल | सदस्य | |
| ७३ | विष्णु बहादुर थापा | सदस्य | |
| ७४ | मन्दिरा देवी गौडेल | सदस्य | |
| ७५ | कृष्ण सुनार | सदस्य | |
| ७६ | लाल बहादुर गुरुङ्ग | सदस्य | |
| ७७ | झविन्द्र थापा | सदस्य | |
| ७८ | नरमदा खत्री | सदस्य | |
| ७९ | धनमाया सुनार | सदस्य | |
| ८० | राम प्रसाद पराजुली | सदस्य | |
| ८१ | हरि प्रसाद चौधरी | सदस्य | |
| ८२ | रमा पौडेल | सदस्य | |
| ८३ | मन्जु दर्जि | सदस्य | |
| ८४ | सूर्य प्रसाद काफ्ले | सदस्य | |
| ८५ | कुल प्रसाद लम्साल | सदस्य | |
| ८६ | विष्णुदेवी गैरे सापकोटा | सदस्य | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| ८७ | सोमनाथ दंगोरिया | सदस्य | |
| ८८ | कुमबहादुर मर्चाह | सदस्य | |
| ८९ | देवीकुमारी दंगोरिया | सदस्य | |
| ९० | रेखा वि.क. | सदस्य | |
| ९१ | तुलसी बहादुर चौधरी | सदस्य | |
| ९२ | रामप्रसाद न्यौपाने | सदस्य | |
| ९३ | राधिका घर्ति मगर | सदस्य | |
| ९४ | अन्जु वि.क. | सदस्य | |
| ९५ | हरि प्रसाद सुवेदी | सदस्य | |
| ९६ | रिता थारु | सदस्य | |
| ९७ | लक्ष्मी थारु | सदस्य | |
| ९८ | सुन्ताना परियार | सदस्य | |
| ९९ | शेर बहादुर थापा | सदस्य | |
| १०० | लोकनाथ गोतामे | सदस्य | |
| १०१ | मित्रमणी खनाल | प्रमुख प्रशासकीय अधिकृत | |

मिति :- २०८२/०३/०९ गते सोमबार ।
समय :- दिनको १:०० बजे ।
स्थान :- बुटवल उपमहानगरपालिका सभाहल ।

नगरसभाका उपाध्यक्षज्यू, सचिवज्यू एवं सदस्यज्यूहरू

अब म बुटवल उपमहानगरपालिकाको नगरसभाको १७ औं अधिवेशनको तेस्रो बैठक प्रारम्भ भएको घोषणा गर्दछु ।

**प्रस्ताव नं. १७.३.१**

आ.व.०८२/०८३ को वार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत एवं टेबुल गर्ने सम्बन्धमा ।

**निर्णय नं.१७.३.१**

पूर्व निर्धारित कार्यक्रम अनुसार आजको कार्यसूची नं. १ मा रहेको आ.व.०८२/०८३ को वार्षिक बजेट तथा कार्यक्रम सभाध्यक्षज्यूको अनुमति बमोजिम उपप्रमुख एवं उपाध्यक्ष श्री सावित्रादेवी अर्यालले देहाय बमोजिमको वार्षिक बजेट तथा कार्यक्रम सभा समक्ष प्रस्तुत गरी टेबुल गर्नु भयो ।

**सम्मानित नगरसभाका अध्यक्षज्यू, सचिवज्यू र नगरसभाका सदस्यज्यूहरु,**

**बैठकलाई व्यवस्थित बनाउन खटिएका राष्ट्रसेवक कर्मचारीहरु,**
**र, पत्रकार एवम् सन्चारकर्मी मित्रहरु ।**

सर्वप्रथम बुटवल उपमहानगरपालिकाको नगरसभाको १७ औं अधिवेशनको बैठकमा उपस्थित सम्पूर्णमा हार्दिक स्वागत गर्दछु ।

१. नेपालको संविधानले निर्दिष्ट गरेको व्यवस्था बमोजिम गठन भएको स्थानीय सरकार बुटवल उपमहानगरपालिकाको **'समानता, स्वाभिमान र अवसर-बस्न योग्य बुटवल सहर'**लाई आत्मसाथ गर्दै आगामी आर्थिक वर्ष २०८२/०८३ को अर्थ सम्बन्धी विधेयक प्रस्तुत गर्न पाउँदा मलाई खुशी लागेको छ ।

२. २०७९ साल बैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनबाट हामीलाई मतदान मार्फत् निर्वाचित गर्नुहुने आदरणीय बुटवलबासी आमा, बुवा, दाजुभाई तथा दिदी बहिनी लगायत सबैमा हार्दिक आभार प्रकट गर्दछु ।

३. यस अवसरमा म नागरिक सर्वोच्चता र लोकतन्त्रको स्थापना तथा मुलुकको समृद्धि र परिवर्तनका लागि विभिन्न कालखण्डमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने ज्ञात-अज्ञात शहीदहरु

प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै, राष्ट्रियता, लोकतन्त्र र जनजीविकाको आन्दोलनमा अगुवाइ गर्नुहुने श्रद्धेय नेताहरु, महिला नेतृहरुको योगदानको उच्च सम्मान सहित स्मरण गर्न चाहन्छु ।

४. हामीले निर्वाचित भएर कार्यभार सम्हालेको तीन वर्ष अवधि पूरा गरिसकेका छौं । हामीले यस क्रममा लिएका नीतिगत तथा सुधारात्मक उपायको परिणाम स्वरुप सकारात्मक नतिजा देखिन थालेको छ । कार्यभार सम्हालेको दुई वर्षमा प्राप्त उपलब्धिहरुले हामीलाई उत्साहित बनाएको छ । **'समानता, स्वाभिमान र अवसर-बस्न योग्य बुटवल सहर'** भन्ने मूल नीति र स्पष्ट मार्गचित्रका आधारमा बुटवल अगाडि बढिरहेको छ ।

५. बुटवलको विकास, सुधार र समृद्धिका लागि नेपालको संविधान तथा संघीय, प्रदेश र स्थानीय कानूनद्वारा प्रदत्त हक अधिकारको प्रचलन गर्न तथा कानूनतः निर्देशित काम, कर्तव्य र दायित्व निर्वाह गर्न हामी प्रतिबद्ध छौं । स्वच्छ, सफा, हरियालीयुक्त पर्यावरण विकास गरी बुटवललाई बस्नयोग्य सहर बनाउने हाम्रो ध्येय रहेको छ ।

६. शिक्षा, स्वास्थ्य, रोजगारी, उद्यमशीलता, सामाजिक विकास, युवा तथा खेलकुद, भौतिक पूर्वाधार विकास, सार्वजनिक यातायात, खानेपानी तथा सरसफाई, विपद् व्यवस्थापन, न्याय निरुपण, मानव अधिकार प्रवर्द्धन जस्ता विषयगत क्षेत्रहरुलाई समेटेर बुटवलको आवश्यकता र प्राथमिकतालाई ध्यानमा राखी श्रोतको विनियोजन गर्ने र समृद्ध बुटवल बनाउने गरी नीति तथा कार्यक्रममा आधारित रहेर प्रस्तुत कार्यक्रम तथा बजेट तयार गरिएको छ ।

**अब म चालु आर्थिक वर्ष २०८१/०८२ जेठ मसान्तसम्मको वित्तीय स्थितिको समीक्षा प्रस्तुत गर्न चाहन्छु ।**

**सभाध्यक्षज्यू,**

७. यस अवधिमा चालू खर्चतर्फ रु. **९१ करोड ६६ लाख ९४ हजार ९ सय ८४ रुपैयाँ** अर्थात् **५४.५१** प्रतिशत र पूँजीगत खर्च तर्फ **रु. ३९ करोड ९५ लाख ७५ हजार ३ सय २८ रुपैयाँ** अर्थात् २४.९९ प्रतिशत वित्तीय प्रगति भएको छ । त्यसै गरी वित्तीय खर्च **३४ लाख १६ हजार ८८ रुपैयाँ** अर्थात् २८.४७ प्रतिशत खर्च भएको छ ।

८. क्षेत्रगत रुपले खर्च प्रगति मापन गर्दा आर्थिक विकासमा **३३.४ प्रतिशत,** सामाजिक विकास तर्फ शिक्षा, स्वास्थ्य, महिला बालबालिका जस्ता क्षेत्रमा **४८.३२ प्रतिशत**, पूर्वाधार विकासतर्फ **२६ प्रतिशत** र सुशासन तथा अन्तर सम्बन्धित क्षेत्रतर्फ **२८.४४ प्रतिशत** प्रगति भएको छ । त्यसैगरी कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च तर्फ **५९** प्रतिशत भएको छ । पूँजीगत खर्च आर्थिक वर्षको अन्त्यसम्म **५०** प्रतिशत पुग्ने अनुमान गरेको छु ।

९. आन्तरिक आय अनुमान रु. **८५ करोड** गरिएकोमा जेष्ठ मसान्त सम्म **४७ करोड १४ लाख २४ हजार ६ सय १८ रुपैयाँ मात्र** आन्तरिक आय प्राप्त भएको छ । आषाढ मसान्तसम्म आन्तरिक राजश्व जम्मा **६५ करोड** सम्म राजश्व असुली हुने अनुमान गरेको छु । यस

अवधिसम्म संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने समानीकरण अनुदान, शशर्त अनुदान (चालु र पुंजीगत), समपुरक अनुदान र राजश्व बाँडफाँटवाट आन्तरिक श्रोत गरी आर्थिक वर्ष २०८१/०८२ मा गत वर्षको अल्या समेत गरी **रु. २७ करोड ३६ लाख ९५ हजार** समेत गरी **रु १ अर्ब ९२ करोड ८० लाख २९ हजार २ सय ५६ रुपैयाँ** प्राप्त भएको छ ।

१०. चालू आर्थिक वर्ष २०८१/०८२ को जेठ मसान्तसम्मको, रु. **३९करोड ९५ लाख ७५ हजार ३ सय २८ रुपैयाँ** पूँजीगत खर्च अर्थात् **२४.९९ प्रतिशत** र चालु खर्च तर्फ रु. **९१ एकानब्बे करोड ६६ लाख चौरानब्बे हजार ९ नौ सय ८४ रुपैयाँ** अर्थात् **५४.५१ प्रतिशत**, वित्तीय दायित्व **३४ लाख १६ हजार ८ सय ८८ रुपैयाँ** भुक्तानी गरी, **१ अर्ब ३२ करोड ३१ लाख ५ सय ४ रुपैयाँ** अर्थात् ४०.१९ प्रतिशत खर्च भएको छ । पूँजीगत खर्च चालू आर्थिक वर्षको अन्त्यसम्ममा वृद्धि भई **५०** प्रतिशत सम्म पुग्ने अनुमान गरेको छु ।

११. आर्थिक वर्ष २०८२/०८३ को बजेट तर्जुमा गर्दा वार्षिक नीति तथा कार्यक्रम, संघ र प्रदेशबाट प्राप्त भएका मार्गदर्शन तथा बजेट सीमा, नेपाल सरकार, स्थानीय सरकार सञ्चालन ऐन, दिगो विकास लक्ष्य, आवधिक योजना लगायतलाई मुख्य मार्गदर्शनका रुपमा लिएको छु । बजेट तर्जुमा गर्दा विभिन्न राजनीतिक दलहरुबाट प्राप्त सुझाव, व्यवसायिक, सामाजिक संघसंस्था, राजश्व परामर्श समिति, श्रोत अनुमान तथा सीमा निर्धारण समिति, वडा भेला, टोलविकास संस्था, नागरिक अगुवा, करदाता, जनप्रतिनिधि तथा बजेट तर्जुमाका क्रममा अभिभावकीय नेतृत्व प्रदान गर्नुहुने नगर प्रमुखज्यूबाट प्राप्त सल्लाह, सुझाव एवम् निर्देशनलाई बजेट तर्जुमा गर्दा आधार लिएको छु ।

**उपस्थित सभाध्यक्षज्यू तथा नगरसभाका सदस्यज्यूहरु,**

१२. प्रस्तुत विधेयक देहाय बमोजिमका उद्देश्य र प्राथमिकता हासिल गर्न केन्द्रित रहेको छ ।

क. शिक्षा, स्वास्थ्य, सीप तथा रोजगारको क्षेत्रलाई मूख्य प्राथमिकतामा राख्दै कृषि, पर्यटन, उद्योग, व्यापारजस्ता क्षेत्रको समुन्नतिमा जोड दिने ।

ख. उज्यालो, सफा, सुन्दर र हरियालीसहितको सुरक्षित र समुन्नत शहरको रुपमा विकास गर्ने ।

ग. सूचना तथा सञ्चार प्रविधिको उच्चतम् उपयोग गरी शहरलाई जीवन्त बनाउने ।

घ. नागरिक बडापत्रलाई कार्यान्वयन गर्दै सेवाप्रवाहलाई जनउत्तरदायी, पारदर्शी र सुशासनयुक्त बनाउने ।

ङ. मौलिक भाषा, संस्कृति र सम्पदाको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन गर्ने ।

च. प्राकृतिक जलश्रोत तथा जलाधार क्षेत्रहरुको संरक्षण गर्ने ।

छ. बुटवललाई छिमेकी पालिकाहरुलाई समेत गाभेर महानगरपालिकाका रुपमा स्तरोन्नती गर्ने ।

ज. निजी क्षेत्रलाई विशेष प्राथमिकतामा राखी निजी क्षेत्रसँगको सहकार्यमा बुटवलको विकासलाई अगाडि बढाउने ।

झ. बुटवललाई पर्यटकीय क्षेत्रको गन्तब्यको केन्द्रविन्दुको रुपमा स्थापित गर्ने ।

१३. अब म उपर्युक्त उद्देश्यहरु पूरा गर्न **'समानता, स्वाभिमान र अवसर-बस्नयोग्य बुटवल सहर'**को ध्येय प्राप्त हुने गरी क्षेत्रगत रुपमा प्रस्तावित प्रमुख कार्यक्रम एवम् विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१४. बुटवल र छिमेकी पालिकाहरुसँग साझा विषयमा छलफल गर्ने र अन्य पालिकाहरुलाई बुटवल महानगरपालिकाका रुपमा स्तरोन्नती गर्ने कार्यका लागि रु. २५ लाख बजेट विनियोजन गरेको छु । यसबाट छिमेकी कार्यपालिकासँग साझा छलफल र निर्णय हुनेछ ।

१५. **"पढाईसँगै रोजगार सिर्जना गरौं, युवालाई देशमै बस्ने परिस्थिति निर्माण गरौं"** भन्ने उद्धेश्यका साथ ट्राफिक ब्यवस्थापनमा पढाईसँग रोजगार कार्यक्रम अर्न्तगत स्नातक र स्नाकोत्तर पढेकाहरुलाई परीक्षणका लागि OJT मा खटाउने ब्यवस्थाका लागि रु. ५० लाख बजेटको ब्यवस्था गरेको छु ।

१६. **"बुटवलको सपना, निजी क्षेत्रसँगको सहकार्यमा बुटवलको समृद्धिको परिकल्पना"** भन्ने नारालाई अगाडि बढाउनका लागि रु. १ करोड बजेट विनियोजन गरेको छु ।

१७. **"बुटवललाई हरेक क्षेत्रमा पर्यटकीय गन्तब्यको केन्द्रविन्दुको रुपमा विकास गरौं, अवको भविष्य पर्यटकीय क्षेत्रको विकास मार्फत रोजौं"** भन्ने उद्देश्य अनुरुप काम अगाडि बढाउनका लागि रु.५० लाख बजेट विनियोजन गरेको छु ।

१८. बुटवललाई देशकै आर्थिक केन्द्रको रुपमा विकास गर्न आवश्यक **गोष्ठी, सम्मेलन र विज्ञ सहितको कार्यक्रम** गर्नका लागि रु. ५० लाख बजेट विनियोजन गरेको छु ।

१९. **"बालबालिकालाई नैतिक शिक्षासँग जोडौं, सुन्दर समाजको निर्माण गरौं"**भन्ने नाराका साथ नैतिक शिक्षाको प्रवर्द्धन गर्नका लागि रु. ५० लाख बजेट विनियोजन गरेको छु ।

२०. **चोक चौतारीमा मेयर कार्यक्रम**को सञ्चालनको लागि रु. १५ लाख बजेट विनियोजन गरेको छु ।

२१. **"बुटवललाई सास्कृतिक पहिचानको समृद्ध शहर बनाऔं, आफ्नै मौलिक साँस्कृतिक कार्यक्रम बढाऔं"**भन्ने नाराका साथ बुटवललाई साँस्कृतिक गन्तब्यको शहर निर्माण गर्ने कार्यका लागि रु. १ करोड १५ लाख बजेट विनियोजन गरेको छु ।

२२. **“बुटवलका किसान, हाम्रो सान”** नाराका साथ कृषि सुधारका कार्यक्रम रु १ करोड बजेट विनियोजन गरेको छु ।

२३. **गत निर्वाचनमा बुटवल उपमहानगरपालिकाको प्रमुख र उपप्रमुख पदका उपविजेता कार्यक्रम सञ्चालन गर्न क्रमश : प्रमुख उपविजेताका लागि रु ५० लाख र उपप्रमुख उपविजेताका लागि रु २० लाख बजेट विनियोजन गरेको छु ।**

२४. आधारभूत तथा माध्यमिक विद्यालयहरूलाई न्यूनतम मापदण्ड अनुरूप भौतिक तथा शैक्षिक पूर्वाधार सम्पन्न बनाउने कार्यक्रमका लागि रु. छ करोड बजेट विनियोजन गरेको छु ।

२५. **‘छोरी पढाऔं, समाज बनाऔं’** कार्यक्रम अर्न्तगत रु. ५० लाख बजेट विनियोजन गरेको छु ।

२६. असहाय तथा विपन्न वर्गका विद्यार्थीहरु विद्यालय नजाने, बीचमै पढाई छाड्ने र नियमित नहुने समस्यालाई रोक्नका लागि **‘नगरप्रमुख शैक्षिक सुधार कोष’** को स्थापना गरी विपन्न वर्गका बालबालिकाहरुलाई आवश्यक छात्रवृत्ति, पोशाक तथा शैक्षिक सामग्री उपलब्ध गराउने कार्यक्रमका लागि रु. ३० लाख बजेट विनियोजन गरेको छु ।

२७. प्राविधिक तथा व्यावसायिक शिक्षालाई प्राथमिकता दिँदै सिद्धार्थ बाल तथा महिला अस्पतालमा सञ्चालन गरिएको पारामेडिकल तहलाई थप व्यवस्थित गर्नको लागि तला थप अर्न्तगत रु. २५ लाख बजेट विनियोजन गरेको छु ।

२८. माध्यमिक तह पूरा गरेका विद्यार्थीहरुलाई **जीवनवृत्ति परामर्श (करिअर काउन्सिलिङ)** का कार्यक्रम सञ्चालनका लागि रु. २० लाख बजेट विनियोजन गरेको छु ।

२९. सबै सामुदायिक विद्यालयहरूलाई पूर्ण प्रविधियुक्त बनाउन प्रविधि मार्फत डिजिटल लर्निङ पोर्टल र कम्प्युटर शिक्षाको प्रयोग सम्बन्धी कार्यक्रमका लागि रु. १ करोड बजेट विनियोजन गरेको छु ।

३०. स्थानीय पाठ्यक्रमलाई आवश्यकताअनुसार परिमार्जन गरी छपाई गर्ने र बुटवलको पहिचान, जातीय पहिचान, भाषा, संस्कृति र सांस्कृतिक कार्यक्रम र नैतिक शिक्षा, लैंगिक हिंसाविरुद्ध, ट्राफिक शिक्षा, योग शिक्षा, सरसफाई सम्बन्धी शिक्षा र लागूपदार्थ दुर्व्यसनीविरुद्धको शिक्षा सम्बन्धी कार्यका लागि रु. ७० लाख बजेट विनियोजन गरेको छु ।

३१. विद्यार्थीहरुलाई पाठ्यसामग्री माथिको बोझ कम गर्न हरेक शुक्रबार अतिरिक्त क्रियाकलाप तथा सिर्जनशील कार्यक्रमका माध्यमबाट संस्कार, संस्कृति, सीप तथा नैतिक शिक्षा, खेलकुद, विज्ञान प्रविधि, पर्यटनजस्ता विषयहरुप्रति आकर्षण बढाउन नीति अनुरुप सूचना र प्रविधिको प्रयोग गरी नयाँ नयाँ अनुसन्धान तथा आविष्कार गर्ने विद्यार्थीहरुलाई प्रोत्साहन गर्ने कार्यका लागि रु. १५ लाख बजेट विनियोजन गरेको छु ।

३२. शिक्षा र खेलकुदको छुट्टाछुट्टै बुलेटिन प्रकाशित गर्ने कार्यका लागि रु. १० लाख बजेट विनियोजन गरेको छु ।

३३. बालबालिकाहरुसँग नगर प्रमुख टेलिभिजन कार्यक्रम सञ्चालन गर्नका लागि रु. २० लाख बजेट विनियोजन गरेको छु ।

३४. नागरिक बडापत्रलाई कार्यान्वयन गर्दै सेवा प्रवाहलाई जनउत्तरदायी, पारदर्शी र सुशासनयुक्त बनाउने कार्यक्रम अन्तर्गत गुरुङ्ग भाषाको नागरिक वडापत्र निर्माणका लागि रु. ५ लाख बजेट विनियोजन गरेको छु ।

३५. क्याम्पसका विद्यार्थीहरुसँग नगर प्रमुख टेलिभिजन कार्यक्रम सञ्चालन गर्नका लागि रु. २० लाख बजेट विनियोजन गरेको छु ।

३६. फरक क्षमता भएका लैङ्गिक अल्पसंख्यकहरुको क्षमता विकास सम्बन्धी तालिम र सीप सम्बन्धी तालिम कार्यक्रम सञ्चालनका लागि रु. २५ लाख बजेट विनियोजन गरेको छु ।

३७. BTI बुटवल उपमहानगरपालिका मातहत आएमा मात्र  सञ्चालन गर्नका लागि रु. २ करोड बजेट विनियोजन गरेको छु ।

३८. वडा नं. ९ मा स्वास्थ्य केन्द्र सञ्चालनका लागि रु. २० लाख बजेट विनियोजन गरेको छु ।

३९. **'बाआमासँग नगरप्रमुख कार्यक्रम'**लाई थप व्यवस्थित गरी त्रैमासिक अभियानका रुपमा सञ्चालन गर्नका लागि रु. ९० लाख बजेट विनियोजन गरेको छु ।

४०. सार्वजनिक निजी साझेदारीमा बुटवल ११ मा १ सय बेडको सुविधा सम्पन्न ट्रमा अस्पताल निर्माणका लागि रु. १ करोड बजेट विनियोजन गरेको छु ।

४१. वडा नं. १२ र वडा नं. १७ मा निर्मित अस्पतालमा डाक्टरको दरबन्दी राखी सञ्चालन गर्ने र वडा नं. १३ मा निर्मित अस्पताल भवनलाई बुटवल फिजियोथेरापी अस्पतालका रुपमा सञ्चालन गर्नका लागि रु. ६० लाख बजेट विनियोजन गरेको छु ।

४२. महिलाहरुको पाठेघर, स्तन क्यान्सर, भिडियो एक्सरे तथा अन्य स्वास्थ्य परीक्षणका लागि शिविर सञ्चालन गर्ने र उपचारमा सहुलियत प्रदान गर्ने कार्यका लागि रु. ३० लाख बजेट विनियोजन गरेको छु ।

४३. स्वस्थ जीवनशैलीका लागि योग भन्ने नीति अवलम्बन गरी योगका कार्यक्रमहरु सञ्चालनका लागि रु. ३५ लाख बजेट विनियोजन गरेको छु ।

४४. **स्वस्थ शरीर स्वस्थ मन** भन्ने अभियानका साथ नगरबासीको स्वास्थ्य अवस्थालाई सुदृढ गर्नको लागि सामुदायिक महिला स्वास्थ्य स्वयंसेविका, स्वास्थ्य आमा समूह, टोल विकास संस्था, सामाजिक स्वास्थ्य

संस्था, युवा क्लब, बाल क्लब जस्ता संस्थाहरुलाई स्वास्थ्य सम्बन्धी कार्यमा परिचालन गर्ने कार्यका लागि सहभागितामा हुने गरी रु. ५० लाख बजेट विनियोजन गरेको छु ।

४५. स्वस्थ जीवनशैलीका लागि योग भन्ने नीति अवलम्बन गरी योगका कार्यक्रमहरु सञ्चालनका लागि रु. ३५ लाख बजेट विनियोजन गरेको छु ।

४६. कवाड (पूनः प्रयोग योग्य वस्तु) को व्यवस्थित गर्न छुट्टै कवाड व्यवस्थित क्षेत्र निर्धारण गरी सबै कवाड व्यवसायहरुलाई करको दायरामा ल्याइने कार्यका लागि रु. १ करोड बजेट विनियोजन गरेको छु । साथै छुट्टै ग्रिल जोन निर्माण गर्न २५ लाख छुटयाएको छु ।

४७. बुटवल उपमहानगरपालिकाबाट रुट इजाजत अनुमति प्राप्त ई–रिक्सा/टेम्पुहरुमा बुटवलको पूरातात्विक, सांस्कृतिक, ऐतिहासिक र पर्यटकीय पहिचान झल्कने प्रचार सामग्रीसहित एउटै रङ्गका बनाउने तथा प्रचार सामग्री राख्नका लागि ई–रिक्सा चालकहरुलाई प्रोत्साहन गर्ने कार्यका लागि रु. २५ लाख बजेटको विनियोजन गरेको छु ।

४८. प्रदेशको कानून र नियमावली बमोजिम पुनः संगठन तथा व्यवस्थापन सर्वेक्षण (O And M) गर्ने कार्यका लागि रु.१० लाख बजेटको विनियोजन गरेको छु ।

४९. मुस्ताङ्गको घरपझोङ गाँउपालिका र स्याङजाको कालीगण्डकी गाउँपालिकासँग भगिनी सम्बन्ध कायम गर्ने कार्यका लागि रु. २० लाख बजेट विनियोजन गरेको छु ।

५०. स्थानीय सरकारलाई अब्बल बनाउने उद्देश्यका साथ राजनीतिक दल, पूर्व जनप्रतिनिधि तथा प्रमुखका उपबिजेताहरु, छिमेकी स्थानीय तहका जनप्रतिनिधि, कर्मचारी र सम्बन्धित विषय विज्ञहरुसँग अनुभव आदानप्रदान गर्ने र विकासका साझा सवालमा समन्वय र सहकार्य गर्ने कार्यका लागि रु. २५ लाख बजेट विनियोजन गरेको छु ।

५१. मेलमिलापकर्ताहरुलाई वडास्तरमा परिचालन गरीं वडातहमा भएका विवाद, समस्यालाई समाधान गर्ने कार्यलाई निरन्तरता दिएको छु । जसका लागि रु. १५ लाख बजेट विनियोजन गरेको छु ।

५२. नगरलाई विपन्न वर्ग, दलित, महिला, अल्पसंख्यक, मुस्लिम, आदिवासी जनजाति, मधेशी, थारु समुदायको हितमा हुने गरी क्षमता विकास तथा आत्मनिर्भरमुखी कार्यक्रम सञ्चालनको लागि रु. १५ लाख बजेट विनियोजन गरेको छु ।

५३. कार्यालयमा सूचना प्रविधि व्यवस्थापनका लागि IT Package अर्न्तगत रु. ५ लाख बजेटको व्यवस्था गरेको छु ।

५४. नगरको सौन्दर्यीकरण गर्न नगर भित्रका विभिन्न स्थानहरुमा भित्तेलेखन कार्यका लागि रु.२० लाख बजेट विनियोजन गरेको छु ।

५५. वडा नं. ४, ५ र ६ को बजार क्षेत्रलाई थप गुल्जार र व्यवस्थित बनाउन वडाबाट विभिन्न संघ संस्था, व्यावसायिक प्रतिष्ठान साथै विज्ञहरुको परामर्शबाट आएका विषयहरुलाई समेट्ने गरी कार्यक्रमको आधारमा बुटवललाई चलायमान बनाउन ६ करोड बजेट छुटयाएको छु।

५६. सबै वडाहरुले वर्षमा एक पटक ब्रोसर निकाली आफ्नो वडामा वडा मार्फत भएका काम र नगर मार्फत् भएका कामको जानकारी वडाबासीलाई गराउने कार्यका लागि रु. २० लाख बजेटको व्यवस्था गरेको छु।

५७. वडाको पचास प्रतिशत सहभागिता रहने गरी CCTV जडान प्रकिया अगाडि बढाउने कार्यका लागि रु. ५० लाख बजेटको विनियोजन गरेकोछु।

५८. **'मेरो टोल म सफा गर्छु'** भन्ने नाराका साथ ग्रीन एण्ड क्लिन सिटी बनाउन वडा कार्यालयको समन्वयमा टोल विकास संस्थालाई जिम्मेवार बनाई प्रोत्साहन गर्ने कार्यका लागि रु. ७० लाख बजेट विनियोजन गरेको छु।

५९. झुम्सा खानेपानी ल्याउनका लागि पाल्पाको तिनाउँ गाउँपालिकालाई दिनको लागि रु. २ करोड बजेट विनियोजन गरेको छु।

६०. बालबालिकासँग उपप्रमुख कार्यक्रम सञ्चालनका लागि रु. १० लाख बजेटको विनियोजन गरेको छु।

६१. बुटवलका गृहिणी महिलाहरुलाई रोजगारसँग जोड्दै स्वरोजगार बनाउन नगरप्रमुख गृहिणी महिला रोजगार कार्यक्रम अर्न्तगत उत्पादित वस्तुको उत्पादन र बिक्री केन्द्र (कोशेली घर) स्थापना गर्न, त्यसरी उत्पादन भएका सामग्रीलाई नगरको चिनोका रुपमा उपयोग गर्न, गृहिणी महिलाहरुलाई एकजुट बनाई सीप र व्यवसायका माध्यमबाट आर्थिक उपार्जनमा अगुवाई गर्न तथा गृहिणी महिला रोजगार कार्यक्रम अर्न्तगत टोल, वडा र नगरस्तरीय सञ्जाल र सीप तथा रोजगार परिषद् गठन गर्ने कार्यका लागि रु. ३ करोड बजेट विनियोजन गरेको छु।

६२. महिलाहरुलाई सामाजिक क्षेत्रमा प्रोत्साहन गर्न मंगलादेवी, शैलजा आचार्य, साहना प्रधान, साधना प्रधान अधिकारीजस्ता महिला नेतृहरुका नाममा स्मृति प्रतिष्ठान स्थापना गरी महिलाहरुको नेतृत्व विकास तथा क्षमता विकासमा जोड दिने कार्यक्रमका लागि रु. २० लाख विनियोजन गरेको छु।

६३. उपप्रमुख महिला आत्मनिर्भर कार्यक्रम मार्फत् उद्यमी महिलाहरुलाई आत्मनिर्भर बनाउन रु. ७५ लाख बजेट विनियोजन गरेको छु।

६४. उपप्रमुख महिला पत्रकारिता कार्यक्रमलाई अगाडि बढाउन रु. ५ लाख बजेट विनियोजन गरेको छु।

६५. जातीय भेदभाव तथा लैङ्गिक हिंसा सम्बन्धी कानूनी सचेतना सूचना पाटी सबै वडा कार्यालयहरुमा सेवाग्राहीले देख्ने ठाउँमा राख्ने व्यवस्थाका लागि रु. ५ लाख बजेटको व्यवस्था गरेको छु।

६६. बुटवल उपमहानगरपालिका क्षेत्र भित्रका सरोकारवाला निकायका प्रमुख, बुटवल उपमहानगरपालिकाका प्रमुख, उपप्रमुख, बिभिन्न संघसंस्था, मानव अधिकार आयोग, दलित अधिकार आयोग, दलित अधिकारकर्मी, धर्मगुरु लगायत सामाजिक अभियान्ता सहितको वृहत सार्वजनिक वहस कार्यक्रम सञ्चालन गर्न रु. ५ लाख बजेटको व्यवस्था गरेको छु ।

६७. दलित पत्रकारहरुको क्षमता अभिवृद्धि र पत्रकारिताबारे एड्भान्स टेक्नोलोजी सम्बन्धी तालिमको व्यवस्था गर्न आवश्यक बजेटको प्रबन्ध गरेको छु ।

६८. बुटवल उपमहानगरपालिकाको वडा नं. १ देखि १९ सम्मका सबै दलित जनप्रतिनिधि र स्थानीय दलितहरुको उपस्थितिमा कानुनी सचेतना कार्यक्रम सञ्चालनका लागि रु. ७ लाख बजेटको विनियोजन गरेको छु ।

६९. दलित समुदायहरुको परम्परागत पेशालाई प्रर्वद्धन र दिगोपनको लागि स्थायी सीप विकास केन्द्रको स्थापना गर्ने कार्यका लागि रु. ८५ लाख बजेटको बिनियोजन गरेको छु ।

७०. दलित पत्रकारहरुको क्षमता अभिवृद्धि र पत्रकारिताबारे एड्भान्स टेक्नोलोजी सम्बन्धी तालिमको व्यवस्थाका लागि रु. ३ लाख बजेटको व्यवस्था गरेको छु ।

७१. असहाय, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरुका लागि आवश्यक सामग्री सहयोग कार्यक्रम तथा मनोसामाजिक परामर्श सेवा कार्यक्रमका लागि आवश्यक रु. १५ लाख बजेटको व्यवस्था गरेको छु ।

७२. शिवनगरमा रहेको बुटवल - खस्यौली नन्दिनी गौशालालाई व्यवस्थित बनाई थप प्रभावकारी बनाउन निर्माण तथा ब्यवस्थापन कार्यका लागि रु. १ करोड बजेटको व्यवस्था गरेको छु ।

७३. योगीकुटी देखि चिडियाखोलासम्म, रामनगर देखि तामनगरसम्म, बेलबास-बेथरी सडक, तामनगर-शुद्धोधन सडकलाई उज्यालो र हरियाली सडकका रुपमा सौन्दर्यीकरण गर्ने कार्यका लागि रु ३ करोड बजेट विनियोजन गरेको छु ।

७४. एक सामुदायिक वन-एक पोखरी, एक पार्क निर्माणको अभियानलाई निरन्तरता दिन आवश्यक बजेटको ब्यवस्था गरेको छु ।

७५. ज्योतिनगर, मिलनपथ, पाखापानी, लक्ष्मीनगरजस्ता स्थानको पहिरोको अल्पकालीन र दीर्घकालीन व्यवस्थापन गरी जोखिम न्यूनीकरण गर्न रु. १ करोड बजेट विनियोजन गरेको छु ।

७६. जितगढी किल्लाको पूर्वतर्फ तिनाउँ नदीको किनारमा आरतीकेन्द्र स्थापना गरी तिनाउँ सभ्यतालाई प्रवर्द्धन गर्ने कार्यका लागि रु ५ करोड बजेट विनियोजन गरेको छु ।

७७. नगरलाई हरित् शहरका रुपमा स्थापित गर्न **एक घर तीन रुख**को नीतिलाई कार्यान्वयन गर्नका लागि रु. २५ लाख बजेट विनियोजन गरेको छु ।

७८. सबै जनजातीहरुको भाषाको तालिम र सांस्कृतिक कार्यक्रमको तालिमका लागि तथा सबै जातिको भाषा, संस्कृति तथा सांस्कृतिक तालिमका लागि उचित बजेटको व्यवस्था गरेको छु।

७९. सहरी क्षेत्रमा स्वस्थ बाली उत्पादन कार्यक्रमका लागि कौशी, करेसाबारी, पुष्प खेती तथा जैविक मल उत्पादन प्रशोधन बजारीकरणका कार्यक्रम सञ्चालनमा प्रोत्साहन गर्ने कार्यका लागि रु. २० लाख बजेटको विनियोजन गरेको छु।

८०. बुटवललाई दुग्ध उत्पादनमा अग्रणी बनाउन किसानहरुलाई प्रोत्साहन स्वरुप अनुदान दिने व्यवस्थाका लागि रु. ५० लाख बजेटको व्यवस्था गरेको छु।

८१. पशु बधशालाको सेवा विस्तार तथा सेवा प्रवर्द्धनका लागि विपन्न वर्गका व्यवसायीलाई स्वच्छ मासु बिक्री केन्द्र स्थापनाका लागि अनुदान उपलब्ध गराउन रु. २५ लाख बजेटको प्रबन्ध गरेको छु।

८२. बुटवलको बुटवल - खस्यौली नन्दिनी गौशालालाई नश्ल सुधार केन्द्रका रुपमा विकास गर्ने कार्यका लागि रु. १५ लाख बजेटको व्यवस्था गरेको छु।

८३. ९ जना वा सो भन्दा बढीको समुह बनाई परम्परागत वा आधुनिक कृषि वा पशुपालन गरेमा सो समुहलाई ट्याक्टर, हाते ट्याक्टर, मल बीउ बीजन, गोठ सुधार रकम वा फार्म सुधार रकम तथा बिभिन्न खालको कृषि र पशुपालन सम्बन्धी विशेष सहयोग गर्ने कार्यका लागि रु. १ करोड बजेट विनियोजन गरेको छु।

८४. बुटवललाई उत्कृष्ट पर्यटकीय विश्रामस्थलका रुपमा स्थापित गर्न कालिकापथ, ट्राफिक चोक, अमरपथ र अन्य आवश्यक स्थानमा सन्ध्याकालीन र रात्रीकालीन बजार सञ्चालन गर्ने कार्यका लागि रु. ५० लाख बजेट विनियोजन गरेको छु।

८५. बुटवलमा **पर्यटकीय गतिविधि चलायमान गराउन** बुटवलका पर्यटकीय स्थलहरुको वृत्तचित्र निर्माण गर्ने साथै, बुटवललाई उपयुक्त विश्रामस्थलको रुपमा विकास गर्दै पर्यटक आगमनलाई बढावा दिन टुर गाईड उत्पादन गरी पर्यटन व्यवसायी तथा सरोकारवालाहरुलाई प्रोत्साहन गर्ने कार्यका लागि रु. १० लाख बजेटको व्यवस्था गरेको छु।

८६. आन्तरिक तथा बाह्य पर्यटन र व्यापार व्यवसायमा प्रभाव पार्ने गरी बुटवलमा आयोजना हुने राष्ट्रिय तथा अन्तराष्ट्रिय कार्यक्रमहरुलाई प्रवर्द्धन गर्ने कार्यका लागि **रु. ५० लाख** बजेटको व्यवस्था गरेकोछु।

८७. मेयर युवा रोजगार कार्यक्रम मार्फत् युवाहरूका लागि रोजगारी सिर्जना गर्न कार्यक्रम सञ्चालन गर्न **रु. ७० लाख**बजेट विनियोजन गरेको छु।

८८. **“पढाईसँगै रोजगार सिर्जना गरौं, युवालाई देशमै बस्ने परिस्थिति निर्माण गरौं”** भन्ने उद्धेश्यका साथ पढाई सँगै रोजगार कार्यक्रम अर्न्तगत टुर गाईड तालिम र हेयर कटिङ्ग तालिम सञ्चालन गर्नका लागि रु. ३० लाख बजेटको प्रबन्ध गरेको छु।

८९. **"सुकुम्बासी र अव्यवस्थितहरुप्रति हाम्रो ध्यान, लालपुर्जा वितरणबाट उहाँहरुको सम्मान"** भन्ने मुल नाराबाट बुटवलमा लामो समयदेखि समस्याको रुपमा रहेको सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको समस्या समाधानका लागि भूमि समस्या समाधान आयोगसँग समन्वयमा जग्गा नापजाँच गरी लालपूर्जा वितरण, हालसाविक प्रक्रियाको निरन्तरताका लागि रु १ करोड ५० लाख बजेटको व्यवस्था गरेको छु ।

९०. पून:नापी गर्नुपर्ने बुटवलका सम्पूर्ण स्थानहरुमा पून:नापीको व्यवस्था गर्नका लागि रु. २ करोड बजेटको व्यवस्था गरेको छु ।

९१. कोदाले, बिटौरी, आँकडा र उखडाजस्ता जग्गाहरुको समस्या पहिचान गरी समाधानका लागि रु. ५ लाख बजेटको प्रबन्ध गरेको छु ।

९२. उज्यालो बुटवल कार्यक्रम अर्न्तगत मुख्य मुख्य सडकहरुमा स्मार्ट स्ट्रिट लाईट/डेकोरेटिभ लाईट थप गर्ने र व्यवस्थित गर्ने कार्यका लागि **रु. २ करोड** विनियोजन गरेको छु ।

९३. वडा नं ११ स्थित देवीनगरमा वी.पी. कोईराला, पुष्पलाल श्रेष्ठ र सूर्य प्रसाद प्रधानको स्मृतिमा शालिक सहित पार्क निर्माणको कार्य सम्पन्न गर्न र जेष्ठ नागरिक चौतारी साथै बालबालिकाका लागि उद्यान निर्माणका लागि रु. ८५ लाख बजेटको प्रबन्ध गरेको छु ।

९४. नगरविकास कोषसँग सहकार्य गरी बुटवल ४ को जेसिज चोकमा रहेको जग्गामा बहुउद्धेश्यीय भवन निर्माण गर्नका लागि रु. १ करोड बजेटको व्यवस्था गरेको छु ।

९५. बुटवलको लुम्बिनी बस टर्मिनल क्षेत्रमा १६ तलेसम्मको भवन निर्माणका लागि सम्भाव्यता अध्ययन तथा निर्माण गर्नका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

**सभाका अध्यक्षज्यू,**

**सभाका सदस्यज्यूहरु,**

९६. अब म, आर्थिक वर्ष २०८२/०८३ को लागि खर्च प्रस्ताव गरिएका कार्यक्रमहरुको कार्यान्वयन गर्न श्रोत व्यवस्थापनका लागि देहाय बमोजिम श्रोतबाट पूर्ति हुने गरी **रु.३ अर्ब ३६ करोड १३ लाख ८० हजार** आय अनुमान पेश गरेको छु । जस अनुसार चालु तर्फ **४९ प्रतिशत** र पूँजीगत तर्फ **५१ प्रतिशत** रहने अनुमान गरेको छु ।

९७. संघीय सरकारबाट प्राप्त हुने संघीय समानीकरण अनुदानवापत् **रु. २८ करोड७६ लाख,**संघीय सशर्त अनुदान चालु तर्फ **रु.४८ करोड ३ लाख,** संघीय शसर्त अनुदान पुँजीगत तर्फ **३ करोड ९८ लाख,** संघीय विशेष अनुदान पुँजीगत **२ करोड ७५ लाख,** संघीय समपुरक अनुदान पुँजीगत तर्फ **१ करोड ३१ लाख**रहेको छ । प्रदेश सरकारबाट प्राप्त हुने प्रदेश समानीकरण अनुदानरु. **२ करोड १ लाख २३ हजार**, प्रदेश सशर्त अनुदान चालु तर्फ **२करोड ३५ लाख ८**

**हजार**,प्रदेश समपुरक अनुदान पुँजीगत बापत्**१ करोड ५० लाख**रहेको छ । संघीय सरकारबाट राजश्व बाँडफाँड बापत् **१८ करोड ९० लाख ४० हजार**, प्रदेश राजश्व बाँडफाँड बापत् **१४ करोड ५४ लाख ९ हजार** स्थानीय आन्तरिक श्रोत बापत् **९५ करोड,** स्थानीय राजश्व बाँडफाँड अर्न्तगत विज्ञापन र मनोरञ्जन कर र दहत्तर बहत्तरको बिक्रीबाट प्राप्त हुने आय रु.**८७ करोड**प्राप्त हुने अनुमान गरेको छु ।गत आर्थिक वर्षको अघिल्लो वर्षको बाँकी (अल्या) **रु. ३० करोड** हुने अनुमान गरेको छु ।

९८. जसअनुसार शिक्षा, स्वास्थ्य, महिला, बालबालिका, समावेशीकरणतर्फ नगरस्तरीय योजना तथा कार्यक्रम, कृषि, पशुपंक्षी विकास, पर्यटन, उद्योग, वाणिज्य, सहकारी र रोजगार, फोहोरमैला व्यवस्थापन तथा वातावरण, र सुशासन तथा सेवाप्रवाह, नगर विकासका लागि पर्याप्त बजेटको व्यवस्था गरेको छु ।

९९. कर तथा गैर कर राजश्वको विस्तृत विवरण र दरबन्दी विवरण आजै यसै सभामा पेश हुने आर्थिक विधेयक २०८२ अनुसूचीहरुमा र विनियोजन विधेयक २०८२ तर्फका ऐनका विभिन्न अनुसूचीहरुमा समावेश गरेको छु । आय बन्दोबस्तका विभिन्न विषय क्षेत्रका कर, शुल्क, जरिवानालगायत राजश्वसँग सम्बन्धित छुट, सुविधाहरुलाई निरन्तरता दिएको छु ।

१००. बजेटले लिएका उद्देश्य लक्ष्य हासिल गर्न आवश्यक कानूनी प्रबन्ध तथा कार्यविधिहरु निर्माण गरिनेछ । संघीय तथा प्रदेश सरकारले जारी गरेका निर्देशिका, कार्यविधिलाई स्थानीय आवश्यकता, प्राथमिकता र सापेक्षता अनुसार निर्माण गरी कार्यान्वयन गरिनेछ । सार्वजनिक क्षेत्रमा भएको अनुत्पादक खर्चलाई नियन्त्रण गरी मितव्ययीताको नीति अबलम्बन गरिनेछ ।

१०१. नगरभित्र पूर्वाधार निर्माण तथा व्यवस्थापन, सञ्चालन कार्यमा सार्वजनिक निजी साझेदारीलाई प्रवर्द्धन तथा प्रोत्साहित गरिनेछ ।

१०२. प्रस्तुत बजेटको कार्यान्वयनबाट समग्रतामा अर्थतन्त्रमा देखिएको जटिल परिस्थितिका बीचमै रहेर नगरबासीहरुको सामाजिक आर्थिक क्रियाकलापमा बढोत्तरी भई जीविकोपार्जनमा सुधार हुने र राजस्वका लक्ष्यहरुमा समेत सकारात्मक प्रभाव देखिने विश्वास लिएको छु ।

१०३. सार्वजनिक खर्च मितव्ययीता ल्याउन बुटवल उपमहानगरपालिकाको आर्थिक तथा आन्तरिक नियन्त्रण कार्यविधि, २०८१ लाई परिमार्जन गरी लागू गरिनेछ ।

१०४. कार्यालयको सेवाप्रवाहलाई चुस्त दुरुस्त बनाउन आवश्यकताका आधारमा कर्मचारीहरुको दरबन्दी तथा संगठन संरचनामा पुनरावलोकन गर्दै जनशक्ति थप गरिनेछ ।

१०५. आन्तरिक नियन्त्रण प्रणालीलाई व्यवस्थित गर्दै सुशासन कायम गर्न कार्यसम्पादन सम्झौता मार्फत् कर्मचारीहरुलाई जिम्मेवार र कार्यपालिका बेठकहरुबाट जनप्रतिनिधिहरुलाई थप उत्तरदायी बनाइनेछ ।

१०६. गतवर्षका महत्वपूर्ण कार्यक्रमहरुलाई निरन्तरता दिदैं यथावत राखिएको छ । त्यसकारण ति बुँदाहरु यहाँ उल्लेख गरिएको छैन । तसर्थ गतवर्षका सबै आवश्यक पर्ने, उचित कार्यक्रमहरु स्वत: निरन्तर राखिनेछ ।

**सभा अध्यक्षज्यू,**

**नगरसभाका सदस्यज्यूहरु,**

१०७. उल्लेखित बजेट कार्यक्रम कार्यान्वयन गर्न आवश्यक पर्ने सबै किसिमका कार्यविधिहरु आर्थिक वर्ष २०८२/०८३ को भदौ महिना भित्रै स्वीकृत गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ । उल्लेखित बजेट कार्यक्रमहरु सफलतापूर्वक कार्यान्वयन गरी **'समानता, स्वाभिमान र अवसर-बस्नयोग्य बुटवल सहर'**को ध्येय पूरा हुनेछ भन्ने विश्वास लिएको छु ।

**अन्त्यमा,**

**सभाका अध्यक्षज्यू,**

**सचिवज्यू,**

**नगर सभाका सदस्यज्यूहरु,**

**र उपस्थित कर्मचारी एवम् सञ्चारकर्मी महानुभावहरु,**

प्रस्तुत बजेटको कार्यान्वयन उपमहानगरपालिकाको एक्लो प्रयासबाट मात्रै सम्भव छैन । संघ, प्रदेश सरकारसँगको समन्वय, सहकार्य, सबै तहका जनप्रतिनिधिहरु, राजनीतिक दल, उद्योगी, व्यवसायी, विभिन्न सरकारी, गैरसरकारी निकाय, संघसंस्था, निजी क्षेत्र, टोलविकास संस्था, नागरिक समाज, सामाजिक अभियान्ता, सञ्चारकर्मी, निर्माण व्यवसायीलगायत सम्पूर्ण नगरबासी आमाबुवा, दाजुभाई तथा दिदीबहिनीहरु सबैको साथ सहयोग र सक्रियता अझ बढी हुनेछ भन्ने विश्वास लिएको छु ।

प्रस्तुत बजेट तर्जुमा गर्दा विभिन्न राजनीतिक दलहरुबाट प्राप्त सुझाव, व्यावसायिक, सामाजिक संघसंस्था, राजश्व परामर्श समिति, श्रोत अनुमान तथा सीमा निर्धारण समिति, वडा भेला, टोलविकास संस्था, नागरिक अगुवा, करदाता, जनप्रतिनिधि तथा बजेट तर्जुमाका क्रममा अभिभावकीय नेतृत्व प्रदान गर्नुहुने नगर प्रमुखज्यूलाई विशेष धन्यवाद ज्ञापन गर्दछु ।

हामीले अबलम्बन गरेको नीति कार्यक्रम तथा बजेटलाई आर्थिक वर्ष २०८२/०८३ मा लागू गर्न सबैले आ-आफ्नो क्षेत्रबाट सकारात्मक भूमिका निर्वाह गरी बुटवललाई समानता, स्वाभिमान र अवसर- बस्नयोग्य बुटवल शहर भन्ने नारालाई घनीभूत रुपमा अगाडि बढाउन सहयोग हुने अपेक्षा गरेको छु।

म यस सम्मानित सभा मार्फत् बुटवलबासी आमाबुवा, दाजुभाई तथा दिदीबहिनीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै बुटवलको उन्नति र प्रगतिका निम्ति आगामी दिनमा पनि सकारात्मक र रचनात्मक सल्लाह, सुझाव र सहयोगको अपेक्षा गर्दछु।

धन्यवाद।
२०८२ असार ९गते सोमबार ।

**सावित्रादेवी अर्याल**
**उपप्रमुख,**
**बुटवल उपमहानगरपालिका**
**बुटवल, रुपन्देही।**

**प्रस्ताव नं. १७.३.२**
अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक (आर्थिक विधेयक) २०८२ प्रस्तुत एवं टेबुल गर्ने सम्बन्धमा।

**निर्णय नं. १७.३.२**

पूर्व निर्धारित कार्यक्रम अनुसार आजको कार्यसूची नं. २ मा रहेको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक (आर्थिक विधेयक) २०८२ सभा समक्ष प्रस्तुत गरी टेबुल गर्न उपप्रमुख श्री सावित्रादेवी अर्याललाई सभाध्यक्षज्यूबाट समय प्रदान गर्नुभयो । उपप्रमुख श्री सावित्रादेवी अर्यालले आर्थिक विधेयक, २०८२ सभा समक्ष वाचन गरी टेबुल गर्नुभयो।

अब म भर्खर सभा समक्ष प्रस्तुत भएको आर्थिक विधेयक, २०८२ माथि नगर सभाको १७ औं अधिवेशनको चौथो बैठकमा छलफल गर्ने कार्यक्रम रहेको हुँदा प्रस्तुत आर्थिक विधेयक, २०८२ माथिको छलफलमा भाग लिन चाहानु हुने सदस्यहरुलाई सचिवालयमा नाम टिपोट गराउन अनुरोध गर्दछु।

**प्रस्ताव नं. १७.३.३**

खर्च सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक विनियोजन विधेयक, २०८२ प्रस्तुत एवं टेबुल गर्ने सम्बन्धमा।

**निर्णय नं. १७.३.३**

पूर्व निर्धारित कार्यक्रम अनुसार आजको कार्यसूची नं.३ मा रहेको खर्च सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक (विनियोजन विधेयक) २०८२ सभा समक्ष प्रस्तुत गरी टेबुल गर्न उपप्रमुख श्री सावित्रादेवी अर्याललाई सभाध्यक्षज्यूले समय प्रदान गर्नुभयो । तत्पश्चात उपप्रमुख श्री सावित्रादेवी अर्यालले विनियोजन विधेयक, २०८२ सभा समक्ष वाचन गरी टेबुल गराउन अनुरोध गर्दछु ।

अब म भर्खर सभा समक्ष प्रस्तुत भएको विनियोजन विधेयक, २०८२ माथि नगरसभाको १७ औं अधिवेशनको चौथो बैठकमा छलफल गर्ने कार्यक्रम रहेको हुँदा प्रस्तुत विनियोजन विधेयक, २०८२ माथिको छलफलमा भाग लिन चाहनु हुने सदस्यहरुलाई सचिवालयमा नाम टिपोट गर्दछु ।

**प्रस्ताव नं. १७.३.४**

बुटवल उपमहानगरपालिकाको भाषा, साहित्य र ललितकला सम्बन्धी विधेयक, २०८२ प्रस्तुत एवं टेबुल गर्ने सम्बन्धमा ।

**निर्णय नं. १७.३.४**

पूर्व निर्धारित कार्यक्रम अनुसार आजको कार्यसूची नं. ४ अर्न्तगत रहेको बुटवल उपमहानगरपालिकाको भाषा, साहित्य र ललितकला सम्बन्धी विधेयक, २०८२ सभा समक्ष टेबुल गर्न सामाजिक विकास समितिका संयोजक श्री बसन्ती वि.क.लाई सभाध्यक्षज्यूबाट समय प्रदान गर्नुभयो । सामाजिक विकास समितिका संयोजकले उल्लेखित विधेयक टेबुल गर्नुभयो ।

अब म भरखर सभा समक्ष प्रस्तुत भएको बुटवल उपमहानगरपालिकाको भाषा, साहित्य र ललितकला सम्बन्धी विधेयक, २०८२ माथि नगरसभाको १७ औं अधिवेशनको चौथो बैठकमा छलफल गरिने भएको हुँदा उल्लेखित विधेयक माथि छलफलमा भाग लिन चाहनु हुने सदस्यहरुलाई सचिवालयमा नाम टिपोट गराउन अनुरोध गर्दछु ।

**प्रस्ताव नं. १७.३.५**

बुटवल उपमहानगरपालिकाको प्राकृतिक स्रोत व्यवस्थापन सम्बन्धी ऐन, २०८१ मा (प्रथम संशोधन २०८२) संशोधनका लागि संशोधन प्रस्ताव टेबुल गर्ने सम्बन्धमा ।

**निर्णय नं. १७.३.५**

पूर्व निर्धारित कार्यक्रम अनुसार आजको कार्यसूची न. ५ अर्न्तगत रहेको प्राकृतिक स्रोत व्यवस्थापन सम्बन्धी ऐन, २०८१ माथिको संशोधन सम्बन्धी प्रस्ताव टेबुल गर्न विधेयक समितिका संयोजक श्री नरेन्द्र बस्नेतलाई सभाध्यक्षज्यूबाट समय प्रदान गर्नुभयो । विधेयक समितिका संयोजकले उल्लेखित संशोधन प्रस्ताव टेबुल गर्नुभयो ।

अब म भर्खर सभासमक्ष प्रस्तुत भएको प्राकृतिक स्रोत व्यवस्थापन सम्बन्धी ऐन, २०८१ माथिको संशोधन प्रस्तावमा नगर सभाको १७ औं अधिवेशनको चौथो बैठकमा छलफल गरिने भएको हुँदा उल्लेखित ऐनको संशोधन प्रस्ताव माथि छलफलमा भाग लिन चाहनु हुने सदस्यहरुलाई सचिवालयमा नाम टिपोट गराउन अनुरोध गर्दछु ।

पूर्व निर्धारित कार्यक्रम अनुसार आजको कार्यसूची अर्न्तगतका विषयहरु सभा समक्ष प्रस्तुत एवं टेबुल गर्ने कार्यक्रम समाप्त भएको हुँदा बुटवल उपमहानगरपालिकाको नगरसभाको १७ औं अधिवेशनको चौथो बैठक मिति २०८२/०३/२५ गते दिनको १:०० बजे पुन: बस्ने गरी सो समय सम्मका लागि नगरसभाको यो बैठक यहिँ स्थगित भएको घोषणा गर्दछु ।